nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : ११७ पृष्ठ ४ । मंगलबार ,१५ पुस २०८२ । TUESDAY, DECEMBER 30, 2025 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## वीरगञ्जमा २४ घण्टे शुद्ध खानेपानीको सपना पूरा हुँदै, प्रदीप यादवको पहलमा ठुलो परियोजना अघि बढ्यो




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ पुस ।**

वीरगञ्ज महानगरपालिकाका बासिन्दाले वर्षौंदेखि भोग्दै आएको खानेपानीको चरम अभाव अब अन्त्य हुने भएको छ । नेपाल सरकारका पूर्व खानेपानी मन्त्री तथा पूर्व सांसद प्रदीप यादवको निरन्तर र दूरदर्शी पहलको फलस्वरूप "वीरगञ्ज खानेपानी वितरण प्रणाली" निर्माणका लागि महानगरपालिकाले ठेक्का आह्वान गरेको छ । परियोजना वीरगञ्जवासीका लागि साँच्चैको वरदान सावित हुने निश्चित छ । विगत चार वर्षदेखि विशेष गरी गर्मीयाममा खानेपानीको विकराल समस्या झेल्दै आएका वीरगञ्जका लाखौं नागरिकलाई २४ घण्टे सुरक्षित तथा शुद्ध खानेपानी उपलब्ध गराउने महत्त्वाकाङ्क्षी योजना पूर्व मन्त्री यादवको व्यक्तिगत प्रतिबद्धता र अथक प्रयासको उत्कृष्ट नमुना हो । यादवले खानेपानी मन्त्री हुँदा नै यो समस्यालाई गम्भीरतापूर्वक लिएका थिए । मन्त्री पदबाट अलग भएपछि पनि आफ्नो क्षेत्रका जनताको पीडालाई निरन्तर उठाउँदै आएका थिए । उनको दूरगामी सोच र विभिन्न दातृ निकायसँगको प्रभावकारी संवादले नै एसियाली विकास बैङ्क (एडिबी) को ठुलो लगानी यो परियोजनामा सम्भव भएको हो । परियोजनाअन्तर्गत वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १ देखि १४, १६ र २४ सम्मका सहरी क्षेत्रमा पाँच वटा आधुनिक ओभर हेड ट्याङ्की निर्माण गरिनेछ । ट्याङ्कीहरू सुगरमील, पदम रोड, वडा नम्बर २४, जिल्ला प्रशासन कार्यालय पर्साको पछाडि र आदर्शनगरमा रहनेछन् । प्रत्येक ट्याङ्कीको क्षमता ३ देखि ८ लाख लिटरसम्म हुनेछ । साथै, सहरभरि ३२२ किलोमिटर लामो उच्च गुणस्तरको पाइपलाइन विस्तार गरिने योजना छ । प्रणालीले पाइप लाइनमार्फत नियमित र सुरक्षित खानेपानी वितरण मात्र होइन, उच्च प्रविधिको प्रयोग गरी नियमित निरीक्षण र मर्मत सम्भारको व्यवस्था पनि गर्नेछ । फलस्वरूप पाइप फुट्ने, लिकेज हुने जस्ता पुराना समस्याहरू पूर्ण रूपमा निर्मूल हुनेछन् । पूर्व मन्त्री यादवको पहलले वीरगञ्जलाई एउटा आधुनिक र भरपर्दो खानेपानी संरचना प्रदान गर्दै छ । वीरगञ्जका स्थानीय बासिन्दा, राजनीतिक दलका नेता-कार्यकर्ता तथा नागरिक समाजका अगुवाहरूले पूर्व मन्त्री प्रदीप यादवको योगदानको व्यापक प्रशंसा गरेका छन् । उनीहरूले यादवलाई "वीरगञ्जको खानेपानीको मसिहा" को संज्ञा दिँदै उनको दूरदर्शिता, जनसेवाको भावना र विकासप्रतिको समर्पणलाई हार्दिक बधाई दिएका छन् । "प्रदीप यादवज्यूले जनताको आधारभूत

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगञ्ज महानगरको १९औं नगर अधिवेशन सम्पन्न, वडाको २५ प्रतिशत बजेट पुनः थप्ने

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ पुस ।**




वीरगञ्ज महानगरपालिकाको १९औँ नगर अधिवेशन सोमबार सम्पन्न भएको छ । अधिवेशनले यसअघि असोज महिनामा भएको विशेष अधिवेशनबाट कटौती गरिएको वडातर्फको २५ प्रतिशत बजेट पुनः थप गर्ने प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ। गएको भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा महानगर क्षेत्रमा भएको क्षतिपछि असोजमा विशेष नगर अधिवेशन आयोजना गरिएको थियो । उक्त अधिवेशनले महानगरका विभिन्न संरचनामा भएको क्षतिको पुनर्निर्माणलाई प्राथमिकतामा राख्दै स्रोत व्यवस्थापनका लागि वडास्तरीय बजेट कटौती गर्ने निर्णय गरेको थियो । महानगर प्रमुख राजेशमान सिंहका अनुसार पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाउँदै चालु आर्थिक वर्षमा १७औँ अधिवेशनले विनियोजन गरेको वडातर्फको बजेट यथावत् राख्ने निर्णय अहिलेको १९औं अधिवेशनबाट पारित गरिएको हो । अधिवेशनमा प्रमुख सिंहले चालु आर्थिक वर्षको हालसम्मको समग्र आय-व्यय विवरण पनि प्रस्तुत गरेका थिए । उनका अनुसार विनियोजन गरिएको कुल ३ अर्ब २२ करोड रुपैयाँमध्ये १ अर्ब १३ करोड रुपैयाँ खर्च भइसकेको छ, जुन कुल बजेटको करिब ३३ प्रतिशत हो । खर्चको अवस्थाअनुसार चालु खर्च तर्फ ३४.७८ प्रतिशत र पुँजीगत खर्च तर्फ ३२.६४ प्रतिशत प्रगति भएको जानकारी गराइएको छ ।यसै आर्थिक वर्षभित्र शुलभ औषधि पसल सञ्चालन, प्रयोगशाला विस्तार तथा नगर अस्पताल सञ्चालनमा ल्याउने लक्ष्य समेत महानगरले लिएको प्रमुख सिंहले बताए ।

नगर अधिवेशनमा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, ३२ वटै वडाका वडाध्यक्ष, वडा सदस्य तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## रेणु र प्रदीप यादवले जसपा नेपाल परित्याग गरे, लोसपा-जसपा एकतामा सहभागी



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ पुस ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालकी सहअध्यक्ष रेणु यादव र पार्टीका उपमहासचिव प्रदीप यादवले पार्टी परित्याग गरेका छन् । उनीहरूले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (जसपा)बीचको प्रस्तावित एकतालाई स्वीकार गर्दै आज जसपाका अध्यक्ष उपेन्द्र यादवसँग औपचारिक सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् ।स्रोतका अनुसार मधेस केन्द्रित शक्तिहरूबीच एकता आवश्यक रहेको निष्कर्षसहित उनीहरूले जसपा नेपाल छोडेर लोसपा-जसपा एकता प्रक्रियामा सहभागी भएका हुन् । यस घटनालाई मधेस केन्द्रित राजनीतिमा जारी एकता प्रयासको महत्त्वपूर्ण विकासका रूपमा हेरिएको छ । रेणु यादव र प्रदीप यादवको यो निर्णयले जसपा नेपालको आन्तरिक समीकरणमा असर पार्ने अनुमान गरिएको छ । साथै, लोसपा र जसपाबीच अघि बढिरहेको एकताले मधेस केन्द्रित दलहरूलाई नयाँ राजनीतिक संरचनामा एकताबद्ध गर्ने सम्भावना थप बलियो बनाएको विश्लेषकहरूको भनाइ छ । एकता प्रक्रियाबारे थप विवरण सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

## रौतहटमा निर्वाचन तयारी तीव्र, १८ नयाँ केन्द्र थपिँदा मतदान केन्द्र ५४१ पुगे




**रौतहट,१४ पुस ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि रौतहट जिल्लामा निर्वाचन तयारी तीव्र पारिएको छ । बढ्दो मतदाता सङ्ख्यालाई मध्यनजर गर्दै जिल्ला निर्वाचन कार्यालयले यसपटक मतदानस्थल र केन्द्रहरू थप गरेको छ । जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दासका अनुसार, २०७९ सालको निर्वाचनमा ५ सय २३ वटा मतदान केन्द्र रहेका थिए भने यसपटक १८ वटा थपेर ५ सय ४१ वटामा पुऱ्याइएको छ । मतदानस्थलको सङ्ख्या पनि २ सय ७६ बाट बढाएर २ सय ७७ कायम गरिएको छ। नयाँ मतदानस्थल गरुडा नगरपालिका -६ मा थपिएको कार्यालयले जनाएको छ । यस वर्ष रौतहटमा मतदाताको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । अघिल्लो निर्वाचनमा ४ लाख १५ हजार ४ सय ५५ मतदाता थिए भने यसपटक २१ हजार १ सय ५६ जना नयाँ मतदाता थपिएपछि जिल्लाभर कूल मतदाताको सङ्ख्या ४ लाख ३६ हजार ६ सय ११ पुगेको छ । रौतहटमा १६ नगरपालिका र २ गाउँपालिका छन्, कुल ४ वटा निर्वाचन क्षेत्र र १५७ वटा वडाहरू छन् । २०७९ को निर्वाचनमा क्षेत्र नम्बर १ बाट माधवकुमार नेपाल, क्षेत्र नम्बर २ बाट किरण साह, क्षेत्र नम्बर ३ बाट प्रभु साह र क्षेत्र नम्बर ४ बाट देवप्रसाद तिमल्सिना निर्वाचित भएका थिए । सो निर्वाचनमा करिब ६८ प्रतिशत अर्थात् २ लाख ८२ हजार ४ सय ३० मतदाताले मतदानमा भाग लिएका थिए । जिल्ला निर्वाचन कार्यालयले मतदातालाई सहज र प्रभावकारी ढंगले मतदान गराउन नयाँ केन्द्र र स्थल थप गरेको जनाएको छ ।

## बिरामी बोक्ने एम्बुलेन्सबाट ५२१ किलो गाँजा बरामद, दुई जना पक्राउ



**बीराटनगर,१४ पुस ।**

बिरामी बोक्ने एम्बुलेन्सको दुरुपयोग गरी गाँजा तस्करी गरिरहेको अवस्थामा मोरङ प्रहरीले ठुलो परिमाणमा लागू औषध बरामद गरेको छ । आइतबार राति केराबारी गाउँपालिका-५ मा प्रहरीले ५ सय २१ किलो गाँजा बरामद गर्नुका साथै तस्करीमा संलग्न दुई जनालाई नियन्त्रणमा लिएको हो । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलबारी र केराबारीबाट खटिएको संयुक्त टोलीले प्र.१-०६-००१ झ ०००४ नम्बरको एम्बुलेन्सलाई चेकजाँच गर्न खोजेको थियो । प्रहरी टोलीलाई देख्नासाथ एम्बुलेन्स छाडेर तस्करहरू भाग्न खोजेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गरेको थियो । सो क्रममा धनकुटा शहिदभूमि-६

बाँकी तेश्रो पृष्ठमा⇨

## राजनीतिमा आमूल परिवर्तन आवश्यक छ : मन्त्री खरेल

**काठमाडौं,१४ पुस ।**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राजनीतिमा आमूल परिवर्तन आउनुपर्ने बताएका छन् । विज्ञापन बोर्ड र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आज पोखरामा आयोजना गरेको विज्ञापनको अनुगमन, नियमन र व्यवस्थापनसम्बन्धी गण्डकी प्रदेशस्तरीय अन्तरक्रियाको उद्घाटन गर्दै उनले देश निर्वाचनतर्फ लागिसकेका अवस्थामा राजनीतिमा परिवर्तन ल्याउन सही नेतृत्व चयन गर्नुपर्ने बताए । निर्वाचन सुनिश्चित भइसकेको बताउँदै सरकारका प्रवक्तासमेत रहेका मन्त्री खरेलले आज राजनीतिक दलहरूले समानुपातिकतर्फको सूची बुझाउने विश्वास व्यक्त गरे । व्यक्ति बनेर केही हुँदैन देश बन्नुपर्छ भन्दै उनले यसका लागि विवेकसङ्गत र सही नेतृत्व आउनुपर्ने आवश्यकता औँल्याए । सङ्घ र प्रदेशबिच अस्थिरता रहेको उल्लेख गर्दै उनले सङ्घीयताको व्यावहारिक कार्यान्वयन हुन नसकेको बताए । राजनीतिकको जग स्थानीय सरकार भएको बताउँदै मन्त्री खरेलले स्थानीय तह जवाफदेही हुँदा मात्र जनताप्रतिको जिम्मेवारी पूरा हुने स्पष्ट पारे । पेसागत सक्रियतासँगै परिणाम आउने गरी काम गर्नुपर्नेमा जोड दिँदै उनले स्थानीय सरकारको अनुभूति जनताले गर्न पाउनुपर्ने बताए । विज्ञापनसँग सम्बन्धित नीति सुधारका लागि सरकारले सहजीकरण गर्ने बताउँदै मन्त्री खरेलले यसको व्यवस्थापन, अनुगमन र नियमनका लागि कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले विज्ञापन ऐनबमोजिम कानुनलाई सक्रिय बनाउन सरकार लागिपरेको बताइन् । सबै स्थानीय तहमा पालिका हुलाक कार्यालय सञ्चालनमा ल्याइएको बताउँदै उनले यसलाई प्रभावकारी बनाउनका लागि स्थानीय तहले सहयोग गर्नुपर्ने बताइन् । विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले विज्ञापन प्रणालीलाई प्रभावकारी बनाउने सम्बन्धमा बोर्ड लागिरहेको बताउनुभयो । प्रदेश प्रमुख सचिव

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## अस्वस्थ मासुको जोखिम

माछा मासु खाने प्रचलन पुरानो हो । पोषण तथा स्वादका लागि विभिन्न परिकार बनाएर माछा मासु खाने गरिन्छ । मुलुकमा शाकाहारीभन्दा मांसाहारी जनसङ्ख्या बढी छ । आजको उपभोक्तावादी समाजमा मासुको प्रयोग बढ्दो छ । स्वस्थ मासुका थुप्रै फाइदा पनि छन् । अस्वस्थकर मासुले भने रोगव्याधि निम्त्याउने गर्छ । गाउँ सहर यत्रतत्र सर्वत्र मासु पसल खुलेका छन् । धेरैले मापदण्ड पालना गरेका छैनन् । त्यस्ता पसलबाट अस्वस्थ मासु उपभोक्ताले भोजन गरिरहेका छन् । सरकारले २७ वर्षअघि मासु जाँच तथा वधशाला ऐन, २०५५ बनायो । यसको कार्यान्वयनको अवस्था भने निराशाजनक र जटिल छ । यो ऐन सुरुका दिनमा काठमाडौं, हेटौँडालगायत केही स्थानमा लागु गर्ने प्रयास गरियो । यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा ऐन हाल कागजी दस्तावेजमा सीमित बन्न पुगे जस्तो भएको छ । मासु जाँच्नु भनेको उपभोक्ताले प्रयोग गर्ने मासु स्वस्थ, स्वच्छ र गुणस्तरीय हुनुपर्ने भए पनि त्यसमा ध्यान नदिँदा उपभोक्ताले स्वास्थ्यका समस्या झेलिरहेका छन् । मासु केवल खाद्य सुरक्षामा मात्र सीमित नभई मानव र पशु स्वास्थ्यको अन्तरसम्बन्धसँग जोडिएको विषय पनि हो । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले प्रत्येक वर्ष देखिने पाँच वटा नयाँ महामारीजन्य रोगमध्ये कम्तीमा तीन वटा रोग पशुबाट मानिसमा (जुनोटिक) सर्ने गरेको बताएको छ । मानिसमा लाग्ने ६५ प्रतिशतभन्दा बढी रोग जुनोटिक प्रकृतिका हुने भएकाले जबसम्म पशु स्वस्थ हुँदैन र पशुजन्य पदार्थ (मासु, दुध) स्वच्छ तरिकाले उत्पादन गरिँदैन तबसम्म मानव स्वास्थ्य सुरक्षित हुन सक्दैन ।

ऐनले वधशालामा पशुको जाँच (एन्टिमोर्डम इन्स्पेक्सन), वधपछि मासुको जाँच (पोस्टमोर्डम इन्स्पेक्सन) र कोल्ड चेनको अवधारणालाई अगाडि सारेको छ । यो अवधारणा अनुसार मापदण्डमा मासु बिक्रीवितरण हुन सकेको देखिँदैन । पशुलाई खुला ठाउँमा काटेर बोरा बोरामा हालेर पसल पसलमा बेच्ने गरिन्छ, यसको अनुगमन र स्वस्थ मासु वितरणको प्रक्रिया शून्य जस्तै छ । मासु सुरक्षित र स्वस्थ हुने एउटा प्रक्रिया 'फ्रोजन' पनि हो । फ्रोजन गर्दा मासुमा रहेका विभिन्न तापक्रममा बाँच्न सक्ने ब्याक्टेरियालाई नष्ट गर्छ । ऐनले पनि फ्रोजन मासुको उपभोगलाई बढी गुणस्तरीय र सुरक्षित मानेको छ । फ्रोजनले मासुलाई ताजा मासुभन्दा गुणस्तरको हिसाबले लामो समयसम्म राम्रो बनाउँछ । नेपाली उपभोक्ताले फ्रोजन मासुको सट्टा ताजा मासुको माग गर्छन् । ग्राहकले सकेसम्म तत्कालै काटेको मासुको माग गर्ने भएकाले सोही अनुसारको कामले निरन्तरता पाइरहेको छ । यद्यपि सबै मासु पसललाई एउटै डालोमा राखेर हेर्न भने मिल्दैन । कतिपय मासु पसलले भने पशुको वध गर्नुअघि कुर्ने समय, कोल्ड चेनको प्रक्रिया मिलाएर मात्रै मासु बेच्ने गरेका छन् । ऐनले छाला तथा भित्री अङ्गलाई खानयोग्य नहुने भनी बिक्रीवितरणमा रोक लगाएको छ तर नेपालको सामाजिक र पाकसम्बन्धी परम्परामा छाला र विभिन्न अङ्गको उपभोग गर्ने प्रचलन रहेकाले उपभोक्ताले ऐनलाई दबाबमूलक मानेर स्वीकार गर्न नसकेको अवस्था पनि छ । कतिपय सामाजिक मूल्यमान्यतालाई आधार मानेर ऐन निर्माण गर्न नसक्दा कार्यान्वयनमा जटिलता थपिएको हो ।

सरकारले ऐन ल्याउनुअघि वा पछि पर्याप्त प्रचारप्रसार र उपभोक्ता शिक्षा दिन नसक्दा सामाजिक स्वीकार्यता हासिल हुन नसकेको अधिकारकर्मी बताउँछन् । ऐन पूर्ण रूपमा लागु नहुनुको अर्को मुख्य कारण यसको ऐच्छिक प्रकृतिको व्यवस्था हो । ऐनमा 'जहाँ लागु गर्ने हो, त्यहाँ चार किल्ला तोक्ने' भन्ने प्रावधान राखिएको छ । यसले ऐनलाई 'देशभरि लागु हुने' गरी बाध्यकारी बनाएन, बरु स्थानीय जनप्रतिनिधि वा निकायको इच्छामा निर्भर राखिएको छ । वधशालाको प्रक्रियामा पशुलाई वध गर्नुअघि, वध गरिसकेपछि र बजारमा पठाउनुअघि प्याकेजिङमा गरी तीन चरणको निरीक्षण अनिवार्य हुन्छ । मासु जाँचका लागि चाहिने सरकारी संरचना र दक्ष जनशक्तिको पनि कमी छ । विगतमा पशु सेवा कार्यालय छुट्टै भए पनि अहिले छुट्टै र पर्याप्त संरचना छैन । वधशालामा पशुको स्वास्थ्य जाँच गर्ने भेटेरिनरी डाक्टर, मासु निरीक्षक र नियमनकारी निकायको अभावमा गुणस्तर नियमन गर्ने कार्य ऐनको दायराभन्दा बाहिर छ । वधशालामा गरिने निरीक्षणमा पशुलाई सर्वप्रथम २४ घण्टासम्म आराम गराएर मात्र वध गर्नुपर्ने हुन्छ । पशुलाई तनावमा वध गर्न हुँदैन । त्यसपछि निरीक्षण गरी स्वस्थ पशुलाई मात्र वधका लागि अनुमति दिइन्छ तर ऐन कार्यान्वयन नहुँदा अहिले मासुको माग गर्ने उपभोक्ताले गुणस्तरभन्दा मात्रालाई बढी महत्व दिने भएकाले ऐनलाई समयसापेक्ष संशोधन गरी देशव्यापी कार्यान्वयन गर्न ढिला गर्नु हुँदैन ।

# बालेनको काँधमा अपेक्षाको भारी



**राजाराम गौतम**

यसै पनि नेपाली समाज प्रतिक्रियात्मक छ र स-साना घटनाबाट तरंगित भइरहन्छ । त्यसमाथि आइतबार बिहान झिसमिसे नहुँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) बीच भएको एकताको सन्दर्भ सानो होइन, अर्थपूर्ण राजनीतिक महत्त्वको छ । केही दिनको छलफलपछि यी दुई नेताबीच शक्ति बाँडफाँटको सहमति भएको छ । बालेन रविलाई रास्वपाको अध्यक्ष स्विकार्न तयार भएका छन् भने रवि बालेनलाई आगामी चुनावपछि पार्टीको संसदीय दलको नेता र प्रधानमन्त्रीका उम्मेदवार बनाउन सहमत भएका छन् । नेपाली राजनीतिमा पछिल्लो समय उदाएका यी दुई पात्रबीच सहमति र सहकार्य भएको हेर्न चाहने जमात यसबाट उत्साहित छ । अर्को जमात 'नयाँहरू पनि शक्ति र पदमुखी नै रहेछन्' भनेर आलोचना गर्दै छन् । आइतबारको बिहानीलाई नयाँ युगको सुरुवात भनेर उत्साह व्यक्त भइरहँदा पूर्वमा उदाउँदै गरेका अर्का नेता हर्क साम्पाङले 'विदेशीको इसारामा भएको' भनेर संशय गरेका छन् । आगामी दिनमा यस प्रकारका प्रशंसा र आलोचनाका स्वरहरू अरू थपिएलान् । राजनीतिमा लागेपछि ताली र गाली स्वाभाविक नै हो । यद्यपि, यो एकतापछि जुनस्तरको प्रतिक्रिया र तरंग आएको छ, अनेक प्रश्न उठ्छन् । के यो एकताले साँच्चिकै नेपाली राजनीतिलाई सत्मार्गमा डोऱ्याउने हैसियत राख्छ ? के यो स्वाभाविक राजनीति उपक्रम हो वा नेपथ्यको भूमिका पनि छ ? अझ राष्ट्रिय राजनीतिमा बालेनको पदार्पणलाई लिएर जुन उत्साह र अपेक्षा छ, त्यो कति स्वाभाविक हो ? कतै हामी बालेनलाई 'ओभररेटेड' गर्दै त छैनौं ? कुनै बखत काठमाडौंका चुनावी गफमा एउटा भनाइ निकै चर्चित हुने गर्थ्यो, 'गणेशमानले लौरो उठाए पनि जित्छ ।' उसबेला प्रजातन्त्रवादी सर्वमान्य नेता गणेशमान सिंहको लौरोको प्रतीकात्मक अर्थ थियो । उनको संघर्षशील व्यक्तित्व र लोकप्रियताका कारण आमवृत्तमा उनको प्रभावशाली छवि थियो । त्यो 'लौरो' उनले प्रजातन्त्रका लागि जीवनभर लडेको संघर्ष र त्यागको प्रतीक थियो । गणेशमानकालीन त्यो राजनीतिक कालखण्ड पछाडि छुटिसक्यो । अहिले काठमाडौंको राजनीतिक परिदृश्य फेरिएको छ । राजनीतिमा नयाँ अनुहार हरूको बाहुल्यता बढ्दै छ । तथापि 'लौरो' को चर्चा आज पनि छ । अहिले गणेशमानको 'लौरो' होइन, बालेनको 'लौरो' को हुने भन्ने होडबाजी चलेको छ । आगामी चुनावमा बालेनसँग सहकार्य गर्न पाए 'दिग्विजयी' होइन्छ भन्ने मनोविज्ञान यत्रतत्र छ । रवि पनि त्यही मनोविज्ञानबाट प्रेरित थिए र उनी चुनावी सहकार्य मात्रै होइन, बालेनलाई पार्टीमै भित्र्याउन सफल भएका छन् । यस्तै प्रयत्नमा रहेका उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङ भने तत्कालका लागि पछि छुटेका छन् । यसबीच बालेनसँग भएका एकता भेटवार्ता र बैठकहरूलाई लिएर यस्तो 'मिडिया हाइप' सिर्जना गरियो, मानौं उनी त्यस्ता तिलस्मी पात्र हुन्, जसले लौरो उठाए पनि चुनाव जितिन्छ । यो विश्लेषण थप अघि बढाउनपूर्व एउटा 'डिस्क्लेमर'- यहाँ प्रजातन्त्रवादी नेता गणेशमान सिंह र बालेनबीच तुलना गर्न खोजिएको होइन । न इतिहासका हिसाबले न त राजनीतिक व्यक्तित्वका दृष्टिले नै यी पात्रबीच तुलना हुन सक्छ । यद्यपि, लौरोको बिम्ब चाहिँ यी दुई पात्र जोड्ने साझा सन्दर्भ बन्दोरहेछ । हिजो गणेशमानले लौरो उठाए पनि जित्छ भन्ने राजधानीवासी लौरो चिह्नबाट मेयर जितेका बालेनले जोसँग सहकार्य गर्छन्, त्यही विजेता हुन्छ भन्ने 'अनुमानित र सामाजिक सञ्जाल निर्मित भाष्य' को पछि लागेका छन् ।

बालेनसँग न राजनीतिक इतिहासको विरासत छ, न त उनी गणेशमान जस्तो त्यागी राजनीतिका धरोहर नै हुन् । न उनको राजनीतिक/वैचारिक दृष्टिकोण जनताले सुन्न पाएका छन्, न त बलियो संगठनको आधार नै छ । यी सबैका बाबजुद पनि उनी वर्तमान समयमा व्याप्त चरम निराशा र त्यसको जगमा उठेको आक्रोश र अपेक्षाको बिम्ब बनेका छन् । प्रियतावादी राजनीतिको चुलीमा पुगेका बालेनको आकर्षण कुनै पार्टीका नेता वा राजनीतिक/वैचारिक दृष्टिकोणको जगमा होइन, एउटा असन्तुष्ट र आक्रोशले भरिएको समाजको आशाको अभिव्यक्ति बनेको छ ।

के बालेन समाजले गरेको आशा र अपेक्षामा खरो उत्रिन सक्लान् ? अथवा उनी समकालीन समाजको आकांक्षाको भारी बोक्न सक्ने योग्यता भएका पात्र हुन् ? राजनीति बालेनमय हुँदै जाँदा यी प्रश्न अरू सान्दर्भिक भएका छन् । यस पटक यो स्तम्भ मूलतः यिनै प्रश्नमा केन्द्रित हुनेछ । नेपाली राजनीतिमा बालेनको उदय झाँगिँदै गएको दलतन्त्र र नेतातन्त्रविरुद्धको करारा जवाफ थियो । युवावयका बालेनलाई काठमाडौं महानगरले नगरपिताका रूपमा भोग्दै आएको छ । त्यस हिसाबले उनी राजनीति परीक्षण हुँदै गरेका पात्र हुन् । मेयरका रूपमा उनका कामलाई आमरूपमा रुचाइएको छ । उनले काठमाडौं महानगरमा सुधारको काम गरे भन्ने आम बुझाइ पनि छ । पार्किङ व्यवस्थापन, विपन्न नागरिकका छात्रवृत्ति/छुट/सुविधाहरू सन्दर्भित शिक्षा र स्वास्थ्यसँग जोडिएका सुधारात्मक पहलहरू, फोहोरको अस्थायी व्यवस्थापन, अनलाइनबाटै

बाँकी तेश्रो पृष्ठमा⇨

# किन आवश्यक छ समानुपातिक प्रणालीमा सुधार ?

**रञ्जित प्रकाश वड**

नेपाली राजनीतिको दशकौं लामो संघर्ष र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनको एउटै मुख्य सन्देश थियो- राज्यलाई समावेशी बनाउनु र पिँधमा रहेका नागरिकलाई निर्णय प्रक्रियाको केन्द्रमा पुऱ्याउनु । यही संकल्पलाई सार्थक बनाउन २०६४ मा सम्पन्न संविधानसभाको पहिलो निर्वाचनदेखि समानुपातिक प्रणाली पनि अपनाउन थालियो । यो प्रणाली लोकतन्त्रको त्यो सुन्दर र पारदर्शी ऐना हुनुपर्ने थियो, जहाँ मुलुकको विविधतापूर्ण सामाजिक बनोट र सीमान्तकृत समुदायले आफ्नै अनुहार प्रतिविम्बित भएको पाऊन् । तर, अभ्यासको डेढ दशक लामो यात्रालाई समीक्षा गर्दा यो प्रणाली आफ्नो मूल मर्मअनुरूप सीमान्तकृतको आवाज बन्नुको सट्टा दलका सीमित शक्तिशाली पात्रहरूको व्यवस्थापन गर्ने थलो बनेको छ । सत्ता राजनीतिका लागि सिटको अंकगणित मिलाउने साधन बनेको छ । समावेशीकरणको यो पवित्र नारा आज वास्तविक उत्पीडितको उत्थानका लागि भन्दा पनि पहुँचवालाको स्वार्थ सिद्धिका लागि प्रयोग भइरहेको त छैन ? यो गम्भीर प्रश्नले आज आम नागरिकको मन र मुलुकको संसदीय गरिमालाई एकैसाथ झकझक्याइरहेको छ ।

**संवैधानिक आधार** नेपालको संविधानले संघीय संसद् र प्रदेशसभाको गठनमा 'मिश्रित निर्वाचन प्रणाली' लाई अंगीकार गरेको छ । संविधानको धारा ८४ ले ११० जना अर्थात् २७५ को ४० प्रतिशत सदस्य समानुपातिक प्रणालीमार्फत निर्वाचित हुने व्यवस्था गरेको छ भने धारा १७६ ले प्रदेशसभाका ४० प्रतिशत सदस्य सोही माध्यमबाट छनोट हुने सुनिश्चितता गरेको छ । यसको मुख्य ध्येय संविधानको धारा ४२ मा उल्लिखित 'सामाजिक न्यायको हक' लाई चरितार्थ गर्नु थियो, जहाँ आर्थिक र सामाजिक रूपले पछाडि परेका समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको ग्यारेन्टी गरिएको छ । कानुनले आदिवासी जनजाति, खस आर्य, थारू, दलित, मधेशी र मुस्लिमका लागि निश्चित प्रतिशत (क्लस्टर) निर्धारण गरेको छ । यस प्रणालीकै कारण आज नेपालको संसद्मा महिलाहरूको ३३ प्रतिशत उपस्थिति सम्भव भएको हो । तर, समावेशीकरणको यो ढाँचाले लक्षित वर्गको वास्तविक मुक्ति र प्रतिनिधित्वको भार वहन गर्न सकेको छ कि छैन भन्ने कुराको गहिरो समीक्षा गर्न अब ढिला भइसकेको छ । किनकि, संख्यात्मक उपस्थितिले मात्र सार्थक प्रतिनिधित्वको ग्यारेन्टी गर्दैन, यदि प्रतिनिधित्वको पात्र नै गलत छ भने झन् के अपेक्षा गर्न सकिन्छ ?


**सिद्धान्त र अभ्यासबीचको खाडल** नेपालका राजनीतिक दलहरूले समावेशीकरणको यो गरिमामय पद्धतिलाई 'आफ्नो स्वार्थपूर्ति गर्ने वैकल्पिक बाटो' र 'शक्ति केन्द्रको संरक्षण' गर्ने औजारका रूपमा दुरुपयोग गर्दा अभ्यासमा गम्भीर विचलनहरू देखिएका छन् । समानुपातिकको बन्दसूचीमा वास्तविक उत्पीडित र सीमान्तकृतको सट्टा दलका शीर्ष नेतृत्वका परिवार, नातागोता र प्रभावशाली वर्गको नियन्त्रण बढ्दो छ । समावेशीकरणका नाममा आफ्नै परिवारका सदस्य वा निकटस्थलाई सांसद बनाउने यो प्रवृत्तिले लोकतन्त्रको आवरणमा नयाँ प्रकारको सामन्तवादलाई प्रश्रय दिइरहेको छ । यसले गर्दा समुदायका नाममा आएको अवसर पहुँचवालाले मात्र उपभोग गर्ने र वास्तविक पीडित सधैं रित्तो हात हुने विडम्बनापूर्ण अवस्था सिर्जना भएको छ ।यसका साथै पछिल्ला निर्वाचनहरूमा समानुपातिक सिटहरू 'आर्थिक लेनदेन' को माध्यम बनेको गम्भीर आरोप लाग्ने गरेको छ, जसले संसदीय मूल्य मान्यतामाथि नै गम्भीर प्रहार गरेको छ । राजनीतिक पृष्ठभूमि नभएका तर ठूला व्यापारिक घरानासँग जोडिएका व्यक्तिहरूले क्लस्टरको आवरणमा व्यवस्थापिकामा प्रवेश पाउनुले नीति निर्माणको थलोमा स्वार्थ समूहको प्रत्यक्ष हस्तक्षेप बढाएको छ । यसले आम नागरिकको हितभन्दा पनि निश्चित वर्गको व्यापारिक स्वार्थ रक्षा गर्ने कानुन बन्ने जोखिम निम्त्याएको छ । त्यसैगरी, प्रत्यक्ष निर्वाचनमा जनताद्वारा तिरस्कृत भएका नेताहरूलाई समानुपातिकको सूचीबाट संसद् छिराउने कार्यले लोकतान्त्रिक विधिको उपहास गरेको छ । जनमतले स्पष्ट रूपमा अस्वीकार गरेको व्यक्तिलाई पुनः समानुपातिक समावेशी प्रणालीको दुरुपयोग गरी राज्यको नीति निर्माण गर्ने थलोमा पुऱ्याउनु भनेको मतदाताको विवेकको अपमान मात्र होइन, समग्र संसदीय व्यवस्थाको स्वच्छता र जनआस्थामाथि नै गरिएको ठूलो प्रहार हो ।

**संरचनात्मक सुधारका प्रस्ताव** यस प्रणालीमा देखिएका गम्भीर विचलनहरूको स्थायी उपचार खारेजी पक्कै पनि होइन, बरु यसको संरचनात्मक सुधार र सूक्ष्म परिमार्जनद्वारा राज्यमा सबैको प्रतिनिधित्व गराउनु हो । सुधारका लागि अब केही साहसिक र नीतिगत कदमहरू चाल्नु अत्यन्तै आवश्यकता भएको छ । पहिलो र अनिवार्य सुधारका रूपमा जातीय र समुदायगत क्लस्टरभित्र पनि तरमारा वर्ग (क्रिमी लेयर) लाई निषेध गर्ने स्पष्ट कानुनी प्रावधान हुनुपर्छ । जसको परिवारबाट कोही पहिले नै उच्च ओहदामा पुगिसकेको छ, जो शैक्षिक र आर्थिक रूपमा सक्षम छ वा जो सहरिया सुविधाभोगी वर्गमा पर्छ, उसलाई समानुपातिक सूचीबाट बाहिर राख्नुपर्छ । समावेशीकरणको लाभ सधैं टाठाबाठाले मात्र पाउने परिपाटी अन्त्य गरी फेदमा बस्ने वास्तविक उत्पीडितको हातमा अवसर पुग्ने ग्यारेन्टी राज्यले गर्नैपर्छ । दोस्रो महत्त्वपूर्ण कदमका रूपमा समानुपातिक कोटाबाट एक व्यक्ति जीवनभरमा बढीमा एक कार्यकाल मात्र जनप्रतिनिधि हुन पाउने संवैधानिक वा कानुनी

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## थाइल्यान्ड-कम्बोडिया सीमा विवाद : चीनको मध्यस्थता प्रयास



*काठमाडौं,१४ पुस ।*

चीनले दक्षिणपूर्व एसियाली कूटनीतिमा आफ्नो भूमिका थप बलियो बनाउने प्रयासस्वरूप कम्बोडिया र थाइल्यान्डका विदेशमन्त्रीहरूसँग सोमबार त्रिपक्षीय बैठक गरेको छ ।बेइजिङले दुई छिमेकी मुलुकबीच जारी हिंसात्मक सीमा विवादमा आफूलाई प्रभावकारी मध्यस्थकर्ताका रूपमा स्थापित गर्न खोजिरहेको सन्देश यस भेटघाटले दिएको छ ।विवादित सीमाको उत्तरतर्फ पर्ने चीनको दक्षिणपश्चिमी प्रान्त युनानमा सम्पन्न यो बैठक थाइल्यान्ड र कम्बोडियाले हप्तौंको लडाइँ अन्त्य गर्न नयाँ युद्धविराम सम्झौतामा हस्ताक्षर गरेको दुई दिनपछि भएको हो । ती झडपमा १०० भन्दा बढी व्यक्तिको ज्यान गएको थियो भने लाखौं मानिस विस्थापित हुन बाध्य भएका थिए ।चिनियाँ विदेशमन्त्री वाङ यीले बैठकमा क्षेत्रीय शान्ति, स्थिरता र विकासका लागि संयुक्त प्रयास आवश्यक रहेको बताए । उनले युद्ध फेरि भड्कन दिनु दुई देशका जनताको चाहना नभएको र मित्र राष्ट्रका रूपमा चीनले पनि यस्तो अवस्था नचाहेको स्पष्ट पार्दै भविष्यतर्फ ध्यान केन्द्रित गरेर अगाडि बढ्न आग्रह गरे ।यो बैठक चिनियाँ राजधानी बेइजिङभन्दा करिब एक हजार ३०० माइल दक्षिणमा, विवाद नजिकै आयोजना हुनु आफैंमा अर्थपूर्ण मानिएको छ । यसले चीन क्षेत्रीय संकटहरूमा प्रत्यक्ष रूपमा संलग्न हुन चाहेको संकेत दिएको विश्लेषण गरिएको छ ।चिनियाँ दोभाषेका अनुसार कम्बोडियाका विदेशमन्त्री प्राक सोखोन्नले पछिल्लो युद्धविराम दिगो हुने विश्वास व्यक्त गरे र दुवै देशबीच सम्बन्ध सुधार तथा मतभेद समाधानका लागि पहिले सहमति भएका संयन्त्रहरू पुनः सक्रिय हुने वातावरण बन्ने अपेक्षा गरे । थाइल्यान्डका विदेशमन्त्री सिहासाक फुआंगकेटकोलले पनि छिमेकी मुलुकसँग शान्तिपूर्ण सहअस्तित्वको आशा व्यक्त गरेको बताइएको छ । थाई विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा चीनले स्वेच्छाले शान्ति समर्थन गर्ने मञ्च प्रदान गरेको र थाइल्यान्डले सम्बन्ध सुधार चरणबद्ध रूपमा अघि बढाउने आफ्नो अडान दोहोऱ्याएको जनाएको छ । विज्ञप्तिअनुसार ७२ घण्टाको युद्धविराम अवलोकनपछि थाइल्यान्डले १८ जना सैनिकको रिहाइबारे विचार गर्नेछ भने कम्बोडियाले सीमाबाट थाई नागरिकको सुरक्षित फिर्ती सहज बनाउने पहल गर्नेछ । यसअघि शनिबार भएको सम्झौताले जुलाईयता बन्दी बनाइएका कम्बोडियाली सैनिकहरूको रिहाइको माग सम्बोधन गरेको छ, जुन कम्बोडियाको प्रमुख शर्त थियो । सम्झौतामा दुवै पक्षलाई बारुदी सुरुङसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गर्न पनि आह्वान गरिएको छ, जुन थाइल्यान्डको महत्त्वपूर्ण चिन्ताको विषय रहँदै आएको छ । चीनले पछिल्ला वर्षहरूमा आफूलाई अन्तर ष्ट्रिय मध्यस्थकर्ताका रूपमा प्रस्तुत गर्दै आएको छ । एसिया लगायत क्षेत्रीय संकटहरूमा प्रभाव बढाउने उद्देश्यसहित बेइजिङले कूटनीतिक गतिविधि तीव्र बनाएको देखिन्छ । यसैबीच, कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले सोमबार सीमामा तैनाथ सबै कम्बोडियाली लडाकूहरूलाई सम्बोधन गर्दै दीर्घकालीन युद्धबाट सानो मुलुकले लाभ नपाउने धारणा व्यक्त गरेका छन् ।

## भारतीय प्रतिशोधले पाकिस्तानको नेतृत्व त्रसित

*काठमाडौं,१४ पुस ।*

अप्रिल २२ मा जम्मू-काश्मीरको पहलगाममा भएको आतङ्कवादी आक्रमणपछि भारतले पाकिस्तानविरुद्ध गरेको द्रुत र सटीक प्रतिशोधी कारबाहीले पाकिस्तानलाई सैन्य रूपमा मात्र नभई राजनीतिक र नेतृत्व तहसम्म गहिरो रूपमा हल्लाएको छ । उक्त कारबाहीका कारण शीर्ष नेतृत्वमा समेत डर पैदा भएको स्वीकार गर्दै पाकिस्तानका राष्ट्रपति आसिफ अली जरदारीले मे महिनामा उत्पन्न तनावका बेला आफूलाई बङ्करमा शरण लिन सल्लाह दिइएको खुलासा गरेका छन् । शनिबार आयोजित एक कार्यक्रममा उहाँले मे महिनामा नयाँ दिल्लीले गरेको जवाफी आक्रमणका क्रममा आफ्नो सैन्य सचिवले उनलाई तत्काल सुरक्षाका लागि बङ्करमा जान आग्रह गरेको जानकारी दिए । उनका अनुसार भारतीय सैन्य कारबाहीका कारण पाकिस्तानको शीर्ष नेतृत्व तीव्र दबाब र भयको अवस्थामा पुगेको थियो । मे महिनामा भएको उक्त सैन्य वृद्धि भारतको 'अपरेसन सिन्दूर' का रूपमा चिनिन्छ । यो अपरेसन अप्रिल २२ मा पहलगाममा भएको आतङ्कवादी हमलाको प्रत्यक्ष जवाफ थियो, जसमा २६ जना निर्दोष सर्वसाधारणको ज्यान गएको थियो । त्यसपछि भारतले पाकिस्तान र पाकिस्तानको कब्जामा रहेको जम्मू-काश्मीर (पिओजेके) भित्र रहेका नौवटा आतङ्कवादी शिविरलाई लक्षित गर्दै सशस्त्र कारबाही गरेको थियो । उक्त अपरेसनअन्तर्गत भारतीय सशस्त्र बलले मे महिनामा पाकिस्तानी सैन्य प्रतिष्ठानहरूमा रणनीतिक र सटीक आक्रमण गरेको बताइएको छ । राष्ट्रपति जरदारीले सैन्य सचिवको चेतावनीका बाबजुद आफूले बङ्करमा प्रवेश गर्न अस्वीकार गरेको स्पष्ट गरे । उनले भने, "मेरो एमएस (सैन्य सचिव) मसँग आएर भन्नुभयो, 'सर, युद्ध सुरु भइसकेको छ ।' मैले त चार दिन अघिनै युद्धको सम्भावनाबारे जानकारी दिएको थिएँ । तर उहाँले फेरि भन्नुभयो, 'सर, बङ्करमा जानुहोस् ।' त्यसपछि मैले भनें, 'यदि शहादत आउनु छ भने, त्यो यहीं आउनेछ । नेताहरू बङ्करमा मर्दैनन्, उनीहरू युद्धभूमिमा मर्छन् ।'" भारतीय सशस्त्र बलले अप्रिल २२ को पहलगाम आतङ्कवादी हमलाको जवाफस्वरूप मे ७ को बिहान औपचारिक रूपमा अपरेसन सिन्दूर सुरु गरेको थियो । यसपछि भारत र पाकिस्तानबीचको द्वन्द्व थप गहिरिँदै गएको थियो । त्यस क्रममा पाकिस्तानतर्फबाट सीमापार गोलाबारी बढेको र भारतीय सशस्त्र बलले त्यसको कडा जवाफ दिएको विवरण सार्वजनिक भएका थिए । युद्धको स्थिति चर्किँदै गएपछि घटनाक्रमले एक्कासि नयाँ मोड लियो। पाकिस्तानका सैन्य अपरेसनका महानिर्देशक (डिजिएमओ) ले भारतका डिजिएमओसँग सम्पर्क गर्दै युद्धविरामको प्रस्ताव राखेका थिए, जसलाई भारतले स्वीकार गरेको बताइएको छ । पाकिस्तानी पक्षबाट आएको उक्त सम्पर्कको पुष्टि भारतका विदेश सचिव विक्रम मिस्रीले पनि गरेका छन् । उनका अनुसार दुवै देश भूमि, समुद्र र हावामा सबै प्रकारका सैन्य कारबाही रोक्न सहमत भएका थिए ।

## मेक्सिकोमा यात्रुवाहक रेल दुर्घटना : १३ जनाको मृत्यु, ९८ घाइते

*काठमाडौं,१४ पुस ।*

मेक्सिकोको सेलिना क्रुज-कोटजाकोलकोस मार्गमको तेहुआनटेपेक रेलवेको इस्थमसको इन्टरओसेनिक कोरिडोरमा यात्रुवाहक रेल दुर्घटना हुँदा कम्तिमा १३ जनाको मृत्यु हुनुका साथै ९८ जना घाइते भएको मेक्सिकन नौसेना सचिवालयले जनाएको छ ।तेहुआनटेपेकको इस्थमसको इन्टरओसेनिक कोरिडोरको निरीक्षण गर्ने मेक्सिकन नौसेनाले जारी गरेको विज्ञप्ति अनुसार दुर्घटनाको समयमा लाइन जेडमा रहेको रेलमा करिब २५० यात्रुहरू सवार थिए । घाइते ९८ जना यात्रु मध्ये ३६ जनाको अस्पतालमा उपचार भइरहेको छ भने बाँकी यात्रुहरूलाई सामान्य उपचार पछि घर फर्किएसँगै १३९ जना यात्रु खतरा मुक्त भएको बताइएको छ । नौसेनाले घटनामा ज्यान गुमाउनेहरूका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै प्रभावितहरूलाई तत्काल सहायता प्रदान गर्न जिम्मेवारीपूर्वक, पारदर्शी रूपमा र कानूनको पूर्ण अनुपालन गर्ने आफ्नो प्रतिबद्धतालाई पुष्टि गरेको छ । प्रतिक्रियालाई समर्थन गर्न ३६० नौसेना कर्मी, २० सवारी साधन, चार ग्राउन्ड एम्बुलेन्स, तीन एयर एम्बुलेन्स र एक रणनीतिक ड्रोन तैनाथ गर्दै विस्तृत खोजी र उद्धार अभियान सुरु गरिएको नौसेनाले जनाएको छ । अधिकारीहरूले दुर्घटनाको कारण पत्ता लगाउन र पीडित र उनीहरूका परिवारलाई सहयोग गर्न सम्बन्धित एजेन्सीहरूसँग समन्वयमा काम गर्न जारी राख्ने बताए ।

### बालेनको काँधमा..........

सेवाग्राहीले सुविधा लिन सक्ने डिजिटल प्रणालीको विकास, कतिपय अनधिकृत घरटहरा भत्काउने काम आदिको मान्छेहरूले प्रशंसा गरे पनि । तर, सँगै टुकुचा उत्खनन, सुकुम्बासी बस्तीमा डोजर चलाउने, फुटपाथ व्यापारीको वैकल्पिक व्यवस्था नगरी तीप्रतिका निर्मम व्यवहार गर्नुले गृहकार्यबिनै अपरिपक्व र आवेगपूर्ण कामहरू भए भनेर आलोचना पनि भयो ।बालेनले महानगरको प्रशासनिक ढिलासुस्ती तोडे । शक्तिकेन्द्रहरूसँग झुकेनन् र निर्णय लिने आँट पनि देखाए तर संवाद, सहमति, प्रक्रिया र धैर्यता गुमाउँदा आलोचित भए, विवादमा पनि परे । उनी जनतासँग सामाजिक सञ्जालमार्फत मात्रै संवादमा आउने गर्छन् । सामाजिक सञ्जालमा उनले गर्ने कैयौं टिप्पणीका कारण विवादित मात्रै बनेका छैनन्, अपरिपक्व छवि पनि बनेको छ ।हुन त ठाडो शैलीमा व्यक्त उनका भनाइका कारण कतिपय युवापुस्ताले उनलाई रुचाएको देखिन्छ र त्यही आधारमा उनको 'एन्टी इस्टाब्लिसमेन्ट' छवि पनि बनेको छ । यद्यपि, उनको 'फेसबुके छवि' ले राष्ट्रिय नेताको गरिमा बनाउँदैन । साभार ईकान्तिपुर ।

### किन आवश्यक छ.....

व्यवस्था गरिनुपर्छ । एक पटकभन्दा बढी अवसर दिनु भनेको नयाँ र योग्य अनुहारहरूका लागि ढोका थुन्नु र राजनीतिक एकाधिकार कायम गर्नु हो । यदि कोही व्यक्ति दोस्रो पटक पनि संसद् जान चाहन्छ भने उसले अनिवार्य रूपमा प्रत्यक्ष निर्वाचन लडेर जनअनुमोदित भएर आउने हिम्मत देखाउनुपर्ने पद्धति बसाल्नुपर्छ, जसले नेतृत्वमा नयाँ पुस्ताको आगमन सुनिश्चित गर्नेछ ।

अन्ततः जातीय क्लस्टरसँगै पिछडिएको क्षेत्र र आर्थिक विपन्नतालाई समानुपातिकको मुख्य आधार बनाइनुपर्छ । समुदायभित्रका पनि सबैभन्दा दुर्गममा रहेका र कुनै पनि अवसरबाट वञ्चित रहेका नागरिकलाई प्राथमिकता दिने ' अग्रगामी छनोट' पद्धति लागू गरिनुपर्छ । यसले समावेशीकरणलाई केवल जातीय प्रतिनिधित्वमा मात्र सीमित नराखी वास्तविक सामाजिक न्याय र लक्षित वर्गको उत्थानको दिशामा लैजानेछ, जसले गर्दा प्रणालीप्रतिको जनविश्वास पुनः स्थापित हुनेछ । समानुपातिक निर्वाचन प्रणाली नेपालको विशिष्ट सामाजिक-राजनीतिक संरचनाका लागि एक अनिवार्य आवश्यकता हो । यसले राज्यलाई हाम्रो हो भन्ने भावना, बनाउन र राष्ट्रिय एकता मजबुत पार्न ठूलो भूमिका खेलेको छ । साभार ईकान्तिपुर ।

### वीरगञ्जमा २४ घण्टे...

आवश्यकता बुझेर निरन्तर सङ्घर्ष गर्नुभयो । उहाँको पहल बिना यो परियोजना सम्भव थिएन," एक स्थानीयले भने ।परियोजना पूरा भएपछि वीरगञ्जका लाखौं नागरिकले शुद्ध र नियमित खानेपानी पाउने मात्र होइन, स्वास्थ्य, सरसफाइ र जीवनस्तरमा पनि उल्लेखनीय सुधार आउनेछ ।

### राजनीतिमा आमूल.......

डुण्डुराज घिमिरेले विज्ञापन प्रणालीलाई एकद्वार प्रणालीमा ल्याउनुपर्ने आवश्यकता औंल्याए । गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारीले विज्ञापनका सम्बन्धमा विधि र मापदण्डमा एकरूपता ल्याउनुपर्नेमा जोड दिइन् ।

### बिरामी बोक्ने...............

का निश्चल राई र सागुरिगढी-२ का खगेन्द्र लिम्बु पक्राउ परेका छन् । एम्बुलेन्सभित्र खानतलासी गर्दा १६ वटा पोकामा लुकाएर राखिएको ५ सय २१ किलो गाँजा फेला परेको प्रहरीले जनाएको छ । बिरामी बोक्ने बहानामा सुरक्षा निकायको आँखा छल्न एम्बुलेन्स प्रयोग गरिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । पक्राउ परेका व्यक्तिहरू र बरामद गाँजाबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ ।

### किर्ते र ठगीको...........

दर्ता गराएका थिए । लामो समय लुकिछिपी बसेका उनीहरूलाई गत कार्तिक ११ गते 'प्रहरीले फेला पारेको थियो । लिखत किर्ते, ठगी, आपराधिक लाभ र विश्वासघातको मुद्दामा अनुसन्धान सकेर अदालत पुऱ्याइएका उनीहरूलाई पनि आइतबारकै इजलासले पुर्पक्षका लागि जेल पठाएको प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालले जानकारी दिए ।

### किर्ते र ठगीको...........

अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउ गर्न प्रहरी प्रधान कार्यालय, इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०७७ भदौ ८ गते रेड नोटिस जारी भएको थियो ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## प्रदूषित वायुले गर्भको शिशुलाई गम्भीर असर




वायु प्रदूषण, विशेष गरी सहरी क्षेत्रहरूमा, स्वास्थ्यका लागि गम्भीर चुनौती बनेको छ । काठमाडौं जस्ता शहरमा प्रदूषणको मात्रा बढ्दै जाँदा, यसले गर्भवती महिलाहरू र उनीहरूको गर्भमा रहेका बच्चाको स्वास्थ्यमा पार्ने प्रभावबारे चिन्ता बढ्दै गएको छ । विभिन्न अनुसन्धानहरूले वायु प्रदूषणले गर्भावस्था र बच्चाको विकासमा गम्भीर असर पार्ने देखाएका छन् । बेलायतको एबरडीन विश्वविद्यालय र बेल्जियमको ह्यासेल्ट विश्वविद्यालयका वैज्ञानिकहरूले गर्भावस्थाको समयमा वायु प्रदूषणमा पाइने ब्ल्याक कार्बन कणहरूले साललाई पार गरेर भ्रूणको रक्तसञ्चार प्रणालीमा प्रवेश गर्न सक्ने प्रमाण फेला पारेका छन् । यो जानकारी द ल्यान्सेट प्लानेटरी हेल्थ जर्नलमा प्रकाशित गरिएको छ । जर्नलमा उल्लेख गरिएको अनुसन्धानका अनुसार, गर्भावस्थाको पहिलो र दोस्रो त्रैमासिकमा जब ब्ल्याक कार्बन भ्रूणको रक्तसञ्चार प्रणालीमा प्रवेश गर्छ, यसले भ्रूणको फोक्सो, मस्तिष्क, प्रजनन क्षमता आदिलाई पनि असर गर्न सक्छ । एबरडीन विश्वविद्यालयका प्रोफेसर पॉल फाउलरका अनुसार, यसभन्दा पनि चिन्ताजनक कुरा भने यी ब्ल्याक कार्बन कणहरू विकासशील मानव मस्तिष्कमा पनि प्रवेश गर्छन्, जुन खतरनाक हुन्छ ।वायु प्रदूषणमा विभिन्न रासायनिक पदार्थहरू, ग्यासहरू र कणहरू जस्तै पिएम २.५ समावेश हुन्छन् । यी प्रदूषकहरू फोक्सो हुँदै रगतमा प्रवेश गर्छन् र प्रजनन प्रणालीमा असर पुऱ्याउँछन् । अनुसन्धानहरूले देखाएका छन् कि, यी प्रदूषकहरूले हर्मोनल सन्तुलनमा गडबडी ल्याउँछ, जसले गर्भावस्थामा विभिन्न जटिलताहरू निम्त्याउने छाती रोग तथा सघन उपचार विशेषज्ञ डा. राजु पंगेनी बताउँछन् । **प्रदूषणका स्रोत र जोखिमहरू** वायु प्रदूषणमा विभिन्न रासायनिक पदार्थहरू, ग्यासहरू र कणहरू जस्तै पिएम २.५ समावेश हुने पंगेनीले बताए । 'यी प्रदूषकहरू बाहिरी वातावरणमा मात्र नभएर घरभित्र पनि हुन्छन्' पंगेनी भन्छन्, 'सवारी साधनको धूवाँ, औद्योगिक उत्सर्जन र धूलोका कणहरू बाहिरी प्रदूषणको स्रोत हो भने दाउराको चुलो, धूम्रपान र रासायनिक पदार्थहरूको प्रयोग घरभित्रको प्रदूषण हो ।' **गर्भावस्थामा प्रदूषणको प्रभाव** प्रदूषणका कारकले प्रजनन प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने हर्मोनहरूको सन्तुलन बिगार्छन् । यसले ओभुलेसन (डिम्ब) निष्कासनमा समस्या, महिनावारीमा गडबडी र गर्भपातको जोखिम बढाउने डा. पंगेनीले बताए । डा. पंगेनीका अनुसार पिएम २.५ (सुक्ष्म कणको व्यास अढाई माईक्रो मिटर वा कम) भएका सुक्ष्म कणहरू र अन्य रासायनिक प्रदूषकहरूले गर्भमा रहेको बच्चाको विकासमा बाधा पुऱ्याउँछ, ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निर्माण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# मधेसमा मन्त्रालय भागबन्डा पेचिलो, सत्तारुढ दलहरूको बैठक जारी




**जनकपुर,१४ पुस ।** मधेस प्रदेश सरकारमा मन्त्रालयको भागबन्डा टुंग्याउने उद्देश्यले सत्तारुढ दलहरूको बैठक आज बिहानदेखि जनकपुरमा जारी रहेको छ। सरकार गठन भएको २५ दिन बितिसक्दा पनि मन्त्रिपरिषद् पूर्णता नपाउँदा बढ्दो आलोचनाबीच सत्तारुढ दलहरू सहमति खोज्न फेरि एक पटक बैठकमा जुटेका हुन्।

मुख्यमन्त्री कृष्ण यादव नेतृत्वको प्रदेश सरकार मंसिर १९ गते ६ दलीय समर्थनमा गठन भएको थियो। तर झण्डै एक महिना पुग्न लाग्दा पनि सरकारले अझै पूर्णता पाउन सकेको छैन। प्रदेश सरकारअन्तर्गत रहेका ११ मन्त्रालयमध्ये हालसम्म ५ जना मात्र मन्त्री नियुक्त छन् भने ६ मन्त्रालय मन्त्रीविहीन अवस्थामा छन्। मन्त्रालयको भागबन्डामा दलहरूबीच सहमति जुट्न नसक्दा सरकार विस्तार प्रक्रिया लामो समयदेखि अन्योलमा परेको छ। सरकारमा सहभागी दलका नेताहरूका अनुसार सबै दलले आफ्नो भागमा बढी मन्त्रालय माग गरेपछि विवाद पेचिलो बनेको हो। यही कारण यसअघि बसेका बैठकहरू पनि निष्कर्षविहीन हुँदै आएका छन्। जसपा नेपालका संसदीय दलका नेता सरोज यादवले आज बिहानदेखि सत्तारुढ दलहरूको बैठक जारी रहेको जानकारी दिँदै सम्भवत: आजै मन्त्रालयको भागबन्डामा सहमति हुन सक्ने संकेत दिएका छन्। यता, सरकार गठन भएको २५ दिन बित्दा पनि नेतृत्व आन्तरिक भागबन्डामै अल्झिएको भन्दै आम नागरिकस्तरमा असन्तुष्टि बढ्दै गएको छ। बेरोजगारी, महँगी, शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता ज्वलन्त मुद्दामा प्रदेश सरकार प्रभावकारी रूपमा अघि बढ्न नसकेको आरोप लागिरहेको छ।

राजनीतिक वृत्तमा यादव नेतृत्वको सरकार 'कछुवा गतिमा' अघि बढिरहेको टिप्पणी समेत व्यापक छ। विश्लेषकहरूका अनुसार आजको बैठकबाट पनि ठोस निष्कर्ष ननिस्किए मधेस प्रदेश सरकारको विश्वसनीयतामाथि थप प्रश्न उठ्ने निश्चित जस्तै छ।

# टिभी, रेडियो, अनलाइन र पत्रिकाबाट चुनावी प्रचार-प्रसार गर्न पाइने



**काठमाडौं,१४ पुस ।** प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार स्वयं वा सम्बन्धित राजनीतिक दलले तोकिएको सीमा भित्र रहेर आम सञ्चार माध्यमबाट चुनावी प्रचार-प्रसार गर्न पाउनेछन्। निर्वाचन आचारसंहिताले निश्चित सीमा तोकेर टेलिभिजन, रेडियो तथा पत्रपत्रिकामार्फत उम्मेदवार तथा राजनीतिक दललाई प्रचार-प्रसारको सुविधा दिएको छ। आचारसंहिताअनुसार दल तथा उम्मेदवारले टिभी र रेडियोमा २४ घण्टामा बढीमा चार पटक चुनावी प्रचार-प्रसार गराउन पाउनेछन्। त्यस्तो प्रचार-प्रसार सामग्री एक पटकमा एक मिनेटसम्म मात्र प्रसारण गर्न पाइनेछ। एक पटक प्रसारण भएपछि अर्को प्रसारण एक घण्टाको अन्तरालपछि मात्र गराउनुपर्ने व्यवस्था छ। त्यसैगरी, पत्रपत्रिकामार्फत प्रचार गर्दा प्रत्येक दिन बढीमा चार कालम चौडाइ र २५ सेन्टिमिटरसम्म उचाइको आकारमा कुनै एक पत्रिकामा प्रचार सामग्री प्रकाशन गर्न सकिने व्यवस्था आचारसंहिताले दिएको छ।

यस्तै, सूचीकृत भएका अनलाइन सञ्चार माध्यममा पनि राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसार गराउन पाउनेछन्। अनलाइन माध्यममा एक मिनेटसम्मको श्रव्य-दृश्य सामग्री प्रसारण गर्न पाइने व्यवस्था छ। राजनीतिक दलका लागि भने अनलाइन सञ्चार माध्यममा रोडब्लक, कन्टेन्ट ब्लक, होम पेज, ब्यानर, डिटेल पेज ब्यानर तथा बक्स विज्ञापन (समाचारको बीचमा) को माध्यमबाट निर्वाचन प्रचार-प्रसार गराउने सुविधा आचारसंहिताले दिएको छ। आचारसंहिताअनुसार विदेशी सञ्चार माध्यमबाट निर्वाचनसम्बन्धी प्रचार सामग्री प्रकाशन वा प्रसारण गर्न तथा गराउन पाइने छैन।

# जेनजी आन्दोलनमा गोली चलाउने आदेश दिएको छैन : रमेश लेखक



**काठमाडौं,१४ पुस ।** निवर्तमान गृहमन्त्री रमेश लेखकले जेनजी आन्दोलनका क्रममा आफूले गोली चलाउन वा बल प्रयोग गर्न कुनै पनि किसिमको आदेश नदिएको स्पष्ट पारेका छन्। आइतबार जाँचबुझ आयोगसमक्ष बयान दिएपछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो दाबी गरेका हुन्। लेखकले आफूबाट न त लिखित न त मौखिक रूपमा गोली प्रहार गर्ने आदेश जारी भएको बताएका छन्। "मैले गोली चलाउने, बल प्रयोग गर्ने या अन्य कुनै किसिमको आदेश दिएको छैन। त्यस्तो आदेश दिनुपर्ने न त कारण थियो, न त कानुनी व्यवस्था नै," उनले भने। उनले सुरक्षाकर्मीलाई कति बल प्रयोग गर्ने र कसरी गर्ने भन्ने विषयमा पनि आफूले कुनै निर्देशन नदिएको स्पष्ट गर्दै घटनाले आफूलाई गहिरो पीडामा पारेको बताएका छन्। सोही कारण पदिय मर्यादा र नैतिकताको आधारमा राजीनामा दिएको उनको भनाइ छ। "म अत्यन्तै मर्माहित भएँ। त्यसैले पदिय मर्यादा कायम राख्न र नैतिक जिम्मेवारी वहन गर्दै राजीनामा दिएको हुँ," लेखकले भने। आफू ज्यान जाने गरी आदेश दिन सक्दिनँ भन्दै उनले प्रश्न समेत उठाए, "मैले कसैलाई मार्न आदेश दिन सक्छु र? यस्तो गलत कर्म मबाट हुने सक्दैन।" पूर्व गृहमन्त्री लेखकले जेनजी आन्दोलनसँग जोडिएका घटनाहरू सत्यतथ्यका आधारमा छानविन हुने विश्वास व्यक्त गर्दै आफू निर्दोष रहेको दाबी दोहोर्‍याएका छन्।

# मधेसका दलित समुदाय शितलहरबाट प्रभावित : उपराष्ट्रपति यादव



**काठमाडौं,१४ पुस ।** उपराष्ट्रपति रामसहाय यादवले मधेस क्षेत्रमा हालको शितलहरका कारण दलित समुदाय अत्यन्त पीडित रहेको बताएका छन्। राष्ट्रिय दलित आयोगले सोमबार आयोजना गरेको कार्यक्रममा उनले प्राकृतिक विपद्हरुमा दलित समुदाय सबैभन्दा बढी जोखिममा पर्ने बताए। राष्ट्रपतिले आयोगलाई दलित समुदायको अभिभावकको भूमिका निर्वाह गर्न जोड दिँदै भने कि, आयोगले आफैं सहयोग गर्नसक्ने अवस्थामा सहयोग गर्नु पर्ने र नसक्ने अवस्थामा राज्यको ध्यानाकर्षण गराउनुपर्छ। "मधेसमा हाल शितलहरका कारण दलित समुदाय अत्यन्त पिडित छन्। जहाँ सरकारको ध्यान पुग्न सकेको छैन, आयोगले तत्काल त्यसतर्फ ध्यानाकर्षण गराउनुपर्छ," उनले भने। यादवले तराई मधेसका दलितहरू अझै शिक्षा, स्वास्थ्य, राजनैतिक पहुँचबाट बाहिर रहेका बताउँदै, उनीहरुलाई मूलधारमा ल्याउन आयोगले सक्रियता देखाउनुपर्ने बताए। उनले स्वास्थ्य बीमा तथा अन्य कार्यक्रममा आर्थिक अभाव र जनचेतनाको कमीले धेरै दलित लाभ लिन नसकेको पनि औँल्याए। उपराष्ट्रपतिले दलित लक्षित सीपमुलक र रोजगारीमूलक कार्यक्रमहरू विपन्न क्षेत्र र बस्तीमा सञ्चालन गर्न आयोगको थप पहल आवश्यक रहेको बताए। साथै, समाजमा अझै रहेका विभेद र छुवाछुतका अवशेष हटाउन आयोग अग्रसर हुनुपर्नेमा जोड दिए। उनले आयोगले तयार पारेको रणनीतिक योजना २०८२/८७ र उजुरी व्यवस्थापन प्रणालीलाई पनि कार्यान्वयन गर्न आग्रह गरे।

# शिक्षा नै समाज रूपान्तरणको मुख्य आधार : सभामुख यादव

**जनकपुर,१४ पुस ।** मधेस प्रदेश सभाका सभामुख रामआशिष यादवले शिक्षालाई समाज रूपान्तरणको प्रमुख आधारका रूपमा चित्रण गरेका छन्। जनकपुरधामस्थित मोनास्टिक विद्यालय तथा कलेजको ४०औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै उनले गुणस्तरीय शिक्षाले नै समाजमा परिवर्तन ल्याउने बताएका हुन्। सभामुख यादवले मोनास्टिक विद्यालयले विगत चार दशकदेखि दक्ष, अनुशासित र जिम्मेवार नागरिक उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै प्रशंसा समेत गरे। कार्यक्रममा बोल्दै सभामुख यादवले शिक्षा क्षेत्रमा समयसापेक्ष प्रविधि, नैतिकता र व्यावहारिक ज्ञानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

उनले विद्यार्थीलाई अनुशासन, परिश्रम र सकारात्मक सोचका साथ आफ्नो अध्ययनमा एकाग्र हुन आग्रह गरे। विद्यालयकी संस्थापक अध्यक्ष विणादेवी साहले विद्यालयको इतिहास र उपलब्धिबारे चर्चा गर्दै समाजलाई शिक्षित र सक्षम नागरिक दिनु नै आफूहरूको मुख्य उद्देश्य रहेको बताइन्।

उनले विद्यालयले शैक्षिक उत्कृष्टतासँगै संस्कार र समावेशी शिक्षालाई सदैव प्राथमिकतामा राख्दै आएको जानकारी दिइन्।

वार्षिकोत्सव समारोहमा विद्यालयका संस्थापक डा. सोनु साहले शिक्षा किताबी ज्ञानमा मात्र सीमित नभई नैतिकता र सीपसँग जोडिनुपर्ने धारणा राखे। कार्यक्रममा शिक्षा नायक लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए।

सो अवसरमा विद्यार्थीले विभिन्न सांस्कृतिक नृत्य, गीत र प्रतिभा प्रदर्शन गरेका थिए। ४०औं वार्षिकोत्सवका अवसरमा विद्यालयले विभिन्न शैक्षिक तथा अतिरिक्त क्रियाकलाप समेत आयोजना गरेको छ।

# इन्टरपोलबाट रेड नोटिस जारी भएका व्यक्ति यूएईबाट पक्राउ

**काठमाडौं,१४ पुस ।** ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ र सङ्गठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी संयुक्त अरब इमिरेट्स (यूएई) बाट पक्राउ परेका छन्। एनसीबी अबुधाबी यूएईको समन्वयमा यूएईबाट पक्राउ परेका बागलुङ नगरपालिका-२ श्रीनगर घर भएका जावेद अनवरद्दीनलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने प्रयोजनार्थ आज नेपाल फिर्ता ल्याइएको प्रहरीले जनाएको छ। फरार रहेका उनलाई

बाँकी तेस्रो पृष्ठमा➪

# किर्ते र ठगीको जालो पर्दाफास : रौतहटमा पाँच जना पुर्पक्षका लागि कारागार चलान




**रौतहट,१४ पुस ।** नक्कली कागजपत्र बनाएर जग्गा हडप्ने र खोटा मुद्रा सम्बन्धी कसुरमा संलग्न पाँच जनालाई रौतहट जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाएको छ। जिल्लाको विभिन्न स्थानबाट पक्राउ परेका उनीहरूलाई अदालतको आइतबारको आदेशअनुसार कारागार चलान गरिएको हो। प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार खोटा सम्बन्धी कसुरमा संलग्न रहेको आरोपमा तीन जना पक्राउ परेका छन्। जसमा भारतको बिहार, मोतिहारीका २३ वर्षीय जयप्रकाश कुमार, रौतहट बौधीमाई घर भई देवाही गोनाही बस्ने २९ वर्षीय गेनालाल राउत पटेल र २० वर्षीय अजय पटेल छन्। उनीहरूलाई गत मंसिर १६ गते ईशनाथ नगरपालिका-४ लतमरीबाट प्रहरीले नियन्त्रणमा लिएको थियो। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी रबिन कार्कीका अनुसार अनुसन्धानपछि सरकारी वकिल कार्यालयमार्फत अदालत पेस गरिएका उनीहरूलाई थुनामा पठाउने आदेश भएको हो। यसैगरी, अर्को एउटा संगठित किर्ते र ठगी प्रकरणमा कटहरिया नगरपालिका-१ का ४२ वर्षीय रामपुकार महतो कोइरी र मकवानपुर हेटौंडाका ५२ वर्षीय राधाकृष्ण उपाध्याय पनि कारागार चलान भएका छन्। केशव प्रसाद पौड्यालको जाहेरीका आधारमा पक्राउ परेका उनीहरूले कटहरिया-१ स्थित करिब १० बिघा जग्गा हत्याउन अदालतको फैसला र पत्र नै किर्ते गरेको पाइएको छ। उनीहरूले २४ कित्तामा फैलिएको ९ बिघा १८ कट्ठा १५ धुर जग्गा गैरकानुनी ढंगले आफ्नो नाममा

बाँकी तेस्रो पृष्ठमा➪

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा